# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, जेठ १५ गते, २०८३ साल (अतिरिक्ताङ्क १५(ङ)


## भाग ३

### नेपाल सरकार

### अर्थ मन्त्रालयको

### सूचना

**संवत् २०८३ सालको नियमावली (नेराप) नम्बर १४**

**<u>आयकर (सत्रौं संशोधन) नियमावली, २०८३</u>**

आयकर नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आयकर ऐन, २०५८ को दफा १३८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यी नियमहरूको नाम “आयकर (सत्रौं संशोधन) नियमावली, २०८३” रहेको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो नियमावली संवत् २०८३ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **<u>आयकर नियमावली, २०५९ को नियम १५ मा संशोधन</u>** : आयकर नियमावली, २०५९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम १५ को सट्टा देहायको नियम १५ राखिएको छ :-

"**१५. <u>सेवा शुल्क भुक्तानी गर्नुपर्ने</u>** : (१) ऐनको दफा ३३ख. बमोजिमको अग्रिम मूल्य निर्धारण सम्झौता गर्न चाहने व्यक्तिले सो सम्झौताको लागि निवेदन दिँदा देहाय बमोजिमको सेवा शुल्क भुक्तानी गर्नु पर्नेछ :-

(क) वार्षिक एक अर्ब रुपैयाँ सम्मको कारोबार भएको व्यक्तिको लागि पाँच लाख रुपैयाँ,

(ख) वार्षिक एक अर्ब रुपैयाँ भन्दा बढी कारोबार भएको व्यक्तिको लागि दश लाख रुपैयाँ।

(२) ऐनको दफा ३३ख. बमोजिमको सम्झौता नवीकरण गर्न चाहने व्यक्तिले नवीकरणको लागि निवेदन दिँदा उपनियम (१) बमोजिमको शुल्कको पचास प्रतिशतले हुने रकम भुक्तानी गर्नु पर्नेछ।"

३. **<u>मूल नियमावलीको नियम २६ मा संशोधन</u>** : मूल नियमावलीको नियम २६ को,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) उपनियम (१) मा रहेका "ऐनको दफा ९६ को उपदफा (२) मा उल्लिखित" भन्ने शब्दहरूको सट्टा "विभागले तोकेका" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (२) मा रहेका "र कर विवरण बमोजिम" भन्ने शब्दहरू झिकिएका छन्।

**आज्ञाले,**
**डा. घनश्याम उपाध्याय**
**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग, सिंहदरबार,



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।